यौन दुराचार
जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट
सजग र सचेत रहौं,
आफु पनि बचौं र अरुलाई
पनि बचाऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily




वर्ष ९ अंक ४९ | १७ भदौ २०८० आइतबार | 3 September 2023 Sunday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

## एमाले माटोको डल्लो होइन पहिरो जान

# प्रदेश नेतृत्व सहमतिबाट टुंगाउन ओलीको निर्देशन



रुपन्देही १६ भदौ

नेकपा एमालेका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले एमालेको लुम्बिनी प्रदेशको नेतृत्व आपसी सहमतिबाट टुङ्ग्याउन निर्देशन दिएका छन् ।एमाले प्रदेश अधिवेशन उद्धाटनसमारोहलाईशनिवारबुटवलमा सम्बोधन गर्दै अध्यक्ष ओलीले प्रदेशमा सकेसम्म उच्चस्तरीय सहमति र नभए लोकतान्त्रिक विधिबाट नेतृत्व चुनिने बताएका छन् ।'हामी विरोधीसँग लड्नुपर्ने छ, पार्टीभित्र एकता गर्न नेताहरू प्रतिबद्ध हुनुहुन्छ, उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलका भनाइ सुनेको छु,' उनले भने '१९ जना पदाधिकारीमा लुम्बिनीबाट ७ जना हुनुहुन्छ यस्तो ठाउँमा किन विवाद आउनुपर्‍यो ?अध्यक्ष ओलीले कोही कसैले नेताका नाममा कुरा नगर्न निर्देशन दिँदै कसैको आर्शीवाद भएर हुँदैन आफ्नो क्षमताले नेतृत्व गर्नुपर्ने बताए।

उनले भने तपाईंहरू बस्नुस् कुरा टुंगाउनुस, सबै सहमतिमा बाहिर आउनुपर्छ । यस्तो इतिहास बोकेको क्षेत्रमा यति धेरै नेताहरू भएको अवस्थामा विवाद बाहिर आएको सुन्नु नपरोस्। यो पार्टीको क्लियर कुरा हो। तपाईंहरूले आज बसेर सहमति गर्नुस् म भोलि घोषणा गर्छु। लुम्बिनीबाट सिंगो देशवासीलाई, पार्टी कमिटीलाई सन्देश दिनुपर्ने छ ।अध्यक्ष ओलीले लुम्बिनीजस्तो ऐतिहासिक स्थानबाट राजनीतिक जागरणका हिसाबले ऐतिहासिक क्षेत्रबाट एमालेको बलियो किल्ला, सिंगो कम्युनिष्ट पार्टीको उद्गमस्थलबाट एमालेले एकताको सन्देश दिनुपर्ने बताए।

नेकपा एमालेले पार्टीको लोकतान्त्रिक प्रक्रिया सबैभन्दा पहिले सुरु गरेको बताउँदै ओलीले भने- यो अधिवेशन प्रादेशिक संरचना गएर कर्मकाण्डी पूरा गर्न अधिवेशन गरिएको होइन, एमालेले कर्मकाण्डका लागि होइन, आवधिक रूपमा उद्देश्यसहित अधिवेशन गर्न थालेको छ। अरू पार्टीजस्तो जसरी पनि सरकार टिकाउन बनेको पार्टी होइन। सुशासन र समृद्धिको लागि नेतृत्व गर्ने सरकार बनाउने, देश र जनताका लागि काम गर्ने सरकार चलाउन चाहने पार्टी हो। चुनावदेखि चुनावसम्म र सरकारदेखि सरकारसम्म पुग्ने गरी बनेको पार्टी होइन, यसमा आम एमालेका कार्यकर्ताले सबैलाई जवाफ दिनुपर्छ ।ओलीले पार्टीको लडाई सधैं प्रतिक्रियावादी, विकास र सम्बृद्धिका विरोधीसँग हुने बताए।

नेकपा एस र माओवादीलाई संकेत गर्दै ओलीले भने( वामपन्थी खोल ओढेकाहरू दक्षिणपन्थीसँग गठजोड गरेर जनताको सरकार ढालेका हुन्, तिनै शक्तिहरू राष्ट्रवादी भन्दै हिंड्दैछन् । माओवादीसँगको एकता कम्युनिष्ट शक्ति बलियो बनाउन गरिएको भएपनि कुण्ठित मनसाय राखेकाहरूबाट पार्टी कब्जा गर्ने गलत मनसाय भएर समस्या आएको हो ।अध्यक्ष ओलीले एमाले सरकारबाट हटेपछि विकासका सबै काम रोकिएको दाबी गरे । 'रोप्ने बबुलको रुख खोज्ने स्याउ, बनाउने सरकार अनि खोज्ने विकास, यस्तो। हामीले सुरु गरेका विकासका योजना अहिले सबै अलपत्र छन्, 'उनले भने।

सरकार र प्रधानमन्त्रीको आलोचना गर्दै उनले भने( बंगलादेश जाने बाटो पहिले नेपालले पाएका हौँ, अनर्गल प्रचार हो, कुन बाटोका लागि जमिन दिने ? पैतृक सम्पत्ति हो र जमिन दिने, प्रचण्डलाई अरूलाई दिने अधिकार छैन, यस्ता त प्रधानमन्त्री छन्।

इपिजीको कुरा किन नगरेको भन्दा रिसाउँछन् भनेर जवाफ दिए । गेरुवस्तु धारणम् मुर्रा भैसी tanएनम् ।

एमाले भ्रष्टाचार गर्न राजनीति गरेको होइन, तर एमालेभित्र कोही कसैको त्रुटि भेटिए कसैलाई बाँकी नराख्ने तर अनावश्यक प्रोपोगाण्डा गर्न नपाइने ।एमाले सानासाना विषयमा अल्झेर अल्झने पार्टी होइन, एमालेका बिग्रिएका फल केही वर्ष अघि गइसके, एमालेका अब केही गलत सोच भएकाहरू छैनन्, एस र माओवादीमा रहेका असल कार्यकर्ताहरू नेताहरू एमालेमा फर्कन आव्हान, सिसन ०८४ प्रचण्डले एमालेमा पहिरो गयो भनेछन्, उनीहरू जस्तै धेरैले एमाले भत्काउन खोजेर एमाले पुरानै ठाउँमा रहेको, एमाले माटो र खरानीको डल्लो होइन पहिरो जाने ?

प्रचण्डलाई अब सरकार टिक्दैन भन्ने लागिसकेकोले एमाले विरुद्ध अनर्गल बोल्न थालेको उनले बताए । प्रचण्डले जनता सडकमा उतार्ने रे ? के का लागि ? सरकार सडकमा उत्रने एमालेको विरुद्ध जाने रे ? अवस्था यस्तो छ। तर यो हाम्रो लागि अवसर हो। गठबन्धनसँग कुनै काम गर्ने भिजन छैन, कि गर्दैनन्।

# कपिलवस्तु प्रहरी उपरिक्षक र नायव उपरिक्षक दुबै सरुवा



कपिलवस्तु, १६ भदौ

कपिलबस्तुका प्रहरी प्रमुख सरुवा भएका छन् । उपरिक्षक बस्नेतको स्थानमा नवरत्न पौडेल सरुवा भएर कपिलवस्तु आउने गरी खटाइएका छन्। पौडेल लुम्विनी प्रदेश प्रहरीको मानव श्रोत ब्यवस्थापना शाखामा कार्यरत थिए।

कलिवस्तुवाट सरुवा भएका बस्नेत भने कञ्चनपुर पुगेकाछन्। उनी नेपाल प्रहरी विशेष सुरक्षा गण महेन्द्रनगर कञ्चनपुरमा सरुवा भएका हुन्।

कपिलवस्तुका डिएसपी मिन वहादुर घलेको समेत सरुवा भएको छ । डिएसपि घले लमजुङ सरुवा भएका छन् त्यो स्थानमा सरुव भई प्रदेश प्रहरी कार्यलय गण्डकीका गंगा वहादुर थापा कपिलवस्तु आएका छन्।

नेपाल प्रहरीका ४८ जना प्रहरी उपरीक्षक (एसपी)हरू र १२० जना नायव प्रहरी उपरीक्षा (डीएसपी)हरूको सरुवा भएको छ ।प्रहरी महानिरीक्षकको शुक्रबारको निर्णय अनुसार केही जिल्ला कार्यालयका प्रमुखसहित ठूलो संख्यामा एसपी र डीएसपीको सरुवा भएको हो ।कास्कीका एसपी अजय केसीको नेपाल प्रहरी अंगरक्षक गण नक्साल सरुवा भएको छ भने बाराका एसपी होबिन्द्र बोगटीलाई केन्द्रीय अनुसन्धान व्युरो अनुसन्धान महाशाखामा सरुवा गरिएको छ।

यस्तै, दाङका प्रमुख वीरबहादुर ओलीलाई लुम्बिनी प्रदेश प्रहरी कार्यालय मानव स्रोत व्यवस्थापन महाशाखामा, रौतहटका एसपी

(बाँकी ३ पेजमा>>>

## ०४७ साल यताका सबै उच्च पदस्थ ब्यक्तिको

# सम्पति छानबिन हुन्छ : अथक



**भुपाल थापा**,
कपिलवस्तु १६ भदौ

नेकपा माओवादी केन्द्रका स्थायी कमिटी सदस्य तथा कपिलवस्तु इन्चार्ज महेश्वर जङ्ग गहतराज (अथक) ले २०४७ साल यताका सबै उच्च पदस्थ ब्यक्तिको सम्पत्ति छानबिन बर्तमान सरकारले सुरु गर्ने बताउनुभएको छ।

०४७ सालदेखि यताका सबै सांसद, मन्त्री, कर्मचारी, प्रहरी लगायत उच्च पदस्थ ब्यक्तिहरुको सम्पत्ती प्रचण्ड सरकारले छानविन गर्ने र सुशासनको प्रत्याभूतिका लागि महत्वपुर्ण कदम चालेको उहाँले बताउनुभयो।

नेकपा माओवादी केन्द्र बुद्धभूमि नगरपालिका वडा नम्बर ५ वडा कमिटीले आयोजना गरेको जनतासँग माओवादी बिशेष रुपान्तरण अभियानलाई शनिबार सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो।

गहतराजले जनताले चाहेको अधिकार, जनमुखी शासनप्रणाली र भ्रष्टाचारबाट मुक्त समाज निर्माण गर्न रुपान्तरण अभियान चलाइएको बताउनुभयो।

'जनताको सुख दुःखको साथी माओवादी हुन सक्नुपर्छ । यदि त्यो हुन सकेन भने प्राप्त उपलब्धि सकिन्छ', उहाँले भन्नुभयो, 'जनताले चाहेको अधिकार स्थापित गर्न पहिला माओवादी आफैं रुपान्तरण हुनुपर्छ।'

केन्द्रमा मात्र सुशासनको कुरा उठेको तर प्रदेश र स्थानीय तहका वडातहमा समेत भ्रष्टाचार व्याप्त रहेको गुनासोप्रति उहाले पार्टीको ध्यानाकर्षण भएको समेत जिकिर गर्नुभयो।

कपिलवस्तुका सबै स्थानीय तहमा सुशासन स्थापित गर्न बुद्धभूमि नगरबाट नै अभियान सुरु गर्ने प्रतिवद्धता समेत गहतराजले जनाउनुभयो।

देशमा पहिलोपटक सरकारले पनि जनताको पक्षमा काम गर्दो रहेछ भन्ने सन्देश प्रवाह भएको उहाको भनाइ छ। इन्चार्ज गहतराजले गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशिता र सामाजिक न्याय माओवादीको एजेन्डा भएपनि पछि सबै दल सोही एजेन्डामा आएको दावी गर्नुभयो।

एजेन्डाको बाहकको रूपमा अभ्यासमा भएका कमजोरी सुधार्ने जिम्मेवारी पनि माओवादीले लिने प्रतिबद्धता जनाउनुभयो।

यद्यपि, माओवादीले आदिवासी, जनजाति, मधेशी, मुस्लिम, दलित, शोषित, पीडित र गरीबका समस्याका लागि नै जनयुद्ध गरेको बताउँदै उनीहरुमा आएको परिवर्तन माओवादीकै देन हो भनेर बुझाउन नसक्नु नै कमजोरी भएको समेत बताउनुभएको छ।

माओवादी केन्द्रले ल्याएको 'जनतासँग माओवादी बिशेष रुपान्तरण' अभियान अन्तरगत सवैको घर-घरमा गएर परिवर्तनको बिषयमा बुझाउँदै उनीहरुको मन जित्नु पर्ने उहाको भनाई छ।

माओवादी केन्द्र बुद्धभूमि नगरपालिका वडा कमिटी अध्यक्ष जबिउल्ला मुसलमानको अध्यक्षतामा भएको कार्यक्रममा नगर उपाध्यक्ष नजाम मुसलमान, नगर सचिव राबेन्द्र कुमार ठाकुर (रबि) लगायतको उपस्थिती रहेको कार्यक्रमको संचालन मोहन शर्माले गर्नुभएको थियो ।यता, माओवादी केन्द्र कपिलवस्तुले जिल्लाका ७८ वटै वडाहरुमा शनिबार देखि तीन महिने जनतासँग माओवादी बिशेष रुपान्तरण' अभियानको सुरुवात गरेको छ। सबै वडाहरुमा माओवादी प्रति जनताको आर्कषण र बिश्वास बढ्दै गएको जिल्ला संयोजक बिष्णु बेल्बासेले बताउनुभएको छ।

बिशेष रुपान्तरण अभियानका निम्ती प्रदेश सदस्यहरु बाणगंगा नगरपालिकामा दिनेश पुन मगर, बुद्धभूमि नगरपालिकामा राजेन्द्र आचार्य, कपिलवस्तु नगरपालिकामा सरोज खनाल र कमला भुसाल, शिवराज नगरपालिकामा हजरत अलि, महाराजगंज नगरपालिकामा अर्जुन सापकोटा, कृष्णनगर नगरपालिकामाबिष्णुबेल्बासे,बिजयनगर गाउँपालिकामा मौलाना मसहुद र सुकई थारु, यशोधरा गाउँपालिकामा सुवास सल्यानी र लालसिंह यादव, मायादेवी गाउँपालिकामा बिजय जैसवाल र घरभरन यादव र शुद्धोधन गाउँपालिकामा नारायण भुसाल र सुस्मा यादव खटिएका छन्।

यस्तै, अभियान अर्न्तगत ५ जना केन्द्रिय सदस्य किस्मत बिकलाई शुद्धोधन र मायादेवी गाउँपालिकामा खटाइएको छ । मकसुद अलिलाई कपिलवस्तु नगरपालिका र यशोधरा गाउँपालिकामा, वकिल मुसलमानलाई महाराजगंज नगरपालिका र कृष्णनगर नगरपालिकामा, छमकुमारी खनाललाई बाणगंगा नगरपालिकामा खटाइएको छ।

यस्तै, भिम कुमारी बुढा मगरलाई शिवराज नगरपालिकामा, केन्द्रिय सल्लाहाकार यहसान खानलाई बिजयनगर गाउँपालिकामा, रामलौटन तिवारीलाई कपिलवस्तु नगरपालिका र यशोधरा गाउँपालिकामा खटाइएको छ । प्रदेश कोषाध्य निर्दोष अलि मियालाई कृष्णनगर नगरपालिका र प्रदेश सदस्य जाकिर अलि मियालाई मायादेवी गाउँपालिकामा जिम्मेवारी दिइएको माओवादी केन्द्रका जिल्ला सचिव हजरत अलि मुसलमानले जानकारी दिनुभएको छ।

# सम्पादकीय

## भिआईपीको भारी !

सातोटा प्रदेशका नाममा थोपरिएका परजीवी पल्टन पाल्न पर्दा धान्न नसकेर आफै निर्वासनमा जानपर्ने अवस्थामा पुगेको छ नेपाल । अझ यसमाथि रहेछन् २ हजारभन्दा भिआईपीहरु ! तिनीहरुले लिने सेवा र सुविधा सहितको शानले त रहेछ देशको अवसान गराउन थालेको । अर्थतन्त्र डाँवाडोल पारेको । मुलुक असफल राष्ट्र घोषित हुने अवस्थामा पुगेको । सिङ्गै देश ऋणको आहालमा डुबेको । जनताले गास काटेर, घरबास छाडेर, परिवारबाट विछोडिएर, विदेशिन परेको । समाचार पढ्दा पनि थला पर्ने अवस्था आइसक्यो । यति सानो देशलाई कहाँपुऱ्याउने तयारी होला यो भिआइपीको भारी ? देशलाई धितोमा राखेर पाल्न पर्ने, जनताले खाडीमा पुगेर नबाबका गाडी र बेगमका साडी धोएर कमाएर पठाएका पैसाले पनि नपुग्ने भैसक्यो । देश पुरै खोक्रो बनाएर दोहन गरे, थारो गाईका थुनबाट रगत निकालेर निचोरे झैं दुहे पघारी पघारी ! खै, कहिले को बहादुर आउला र परजीवीहरुको यति ठूलो पल्टनलाई धपाउला लघारी, लघारी !!

यति विघ्न विशिष्टहरु राज्यका लागि भार मात्र हुन्, राज्य संयन्त्रको दोहन रोक्न संवेदनशीलताका आधारमा मात्रै अतिरिक्त सुविधा दिने निर्णय गर्नुपर्छ - श्रीहरि अर्याल, पूर्वअध्यक्ष, ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल

सुरक्षा चुनौती र राजकीय पदको हिसावमा विशिष्ट व्यक्ति छुट्टिनुपर्नेमा अरु भन्दा फरक देखाउन भिभिआईपी वा भिआईपीलाई दिइने सुविधाको दुरुपयोग भैरहेको छ - शिशिर खनाल, पूर्वशिक्षामन्त्री


राणाकालबाट सुरु भएको अगुवा-पछुवा राख्ने प्रचलन शाहकालमा शासन गर्ने व्यक्तिपिच्छे फरक हुँदै गयो भने पञ्चायतबाट उत्कर्षतिर लागेको थियो। गणतन्त्रकालमा झन् मौलाएको छ - त्रिरत्न मानन्धर, पूर्वप्रमुख त्रिविवि, इतिहास विभाग ।

यो देशले नसके पनि बोक्न, ज्वाईलाई झैं आफु भोकै बसेर पनि पाल्न परेका भिआईपीहरुमा पर्ने यिनीहरु पर्दा रहेछन् - राष्ट्रपति, उप-राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष, पूर्वराष्ट्रपति, उप-प्रधानमन्त्री, प्रदेश प्रमुख, सरकारका मन्त्री, प्रतिनिधिसभा प्रमुख, प्रतिपक्षीदलका नेता, राष्ट्रियसभा प्रमुख, विपक्षीदलका नेता, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, मन्त्रिपरिषदका पूर्वअध्यक्ष, पूर्वप्रधानन्यायाधीश, प्रतिनिधिसभाका उप-सभामुख, राष्ट्रियसभाका उपाध्यक्ष, पूर्वअध्यक्ष एवं संविधानसभा / प्रतिनिधिसभाका पूर्वसभामुख, पूर्वउपप्रधानमन्त्री, प्रदेश सरकारका मुख्यमन्त्री, सरकारका राज्यमन्त्री, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, सरकारका सहायक मन्त्री, पूर्वगृहमन्त्री, पूर्वरक्षामन्त्री, राष्ट्रिय मान्यता प्राप्त दलका प्रतिनिधि सभा र राष्ट्रिय सभाका प्रमुख सचेतक, प्रदेश सभाका सभामुख, प्रदेश सरकारका मन्त्री, प्रदेशसभाका उपसभामुख र प्रदेश सरकारका राज्यमन्त्री, प्रदेश सरकारका सहायक मन्त्री, प्रदेश सभाका प्रमुख प्रतिपक्षी दलका नेता, राष्ट्रिय मान्यता प्राप्त दलका प्रदेश सभाका प्रमुख सचेतक ।' श्रोत :अनलाइन खबर

यसमा पूर्वमुख्यसचिव, पूर्वप्रधानसेनापति, पूर्वप्रहरीमहानिरीक्षक सहित धेरै संवैधानिक आयोगका प्रमुख आयुक्तदेखि लिएर नदेखिएका, नलेखिएका, तर भित्रभित्रै अतिरिक्त सुविधा लिने परजीवीहरुको सूची समावेश गरिएको रहेनछ । त्यो सबै समेट्दा देशले आजसम्म कसरी थामेको होला जस्तो लाग्छ जो सुकैलाई पनि ।

# चीन किन सधैं तर्किन्छ कालापानीमा ?

**सुधीर शर्मा**



बेइजिङको नयाँ नक्साले त्रिदेशीय सीमाविन्दुको विवादलाई नदेख्नुमा उसका केही आधारभूत स्वार्थहरू गाँसिएका छन् ।



सुधीर शर्मा

शक्तिराष्ट्रहरू जब 'कार्टोग्राफिक एग्रेसन' तर्फ अग्रसर हुन्छन्, तब ठान्दा हुन्छ– संकटको घडी आउन लाग्यो । केही समययता दक्षिण एसिया, त्यसमा पनि हिमाली भेगमा यस खाले प्रतिस्पर्धा देखिन थालेको छ ।

सबभन्दा सुरुमा २०७६ सालमा भारतले कश्मीर प्रान्त विभाजन गर्ने क्रममा नेपालको अतिक्रमित भूमि लगायत हाल पाकिस्तान र चीनको नियन्त्रणमा रहेका भूभागसमेत समेटेर नयाँ नक्सा जारी गरेको थियो, जसको ती तीनै देशले विरोध गरे । २०७७ सालमा पाकिस्तानले पनि कश्मीर, लद्दाख र गुजरातका केही भागसमेत राखेर नक्सा निकाल्यो, जसप्रति भारतले आपत्ति जनायो ।

यो दौडमा अहिले चीन पनि सामेल भएको छ। चीनको प्राकृतिक स्रोतसाधन सम्बन्धी मन्त्रालयले गत सोमबार सार्वजनिक गरेको 'स्ट्यान्डर्ड म्याप' मा अक्साई चीन र अरुणाचल प्रदेशलाई हालेकामा भारत आक्रोशित छ। दक्षिण चीन सागरको सामुद्रिक सीमा दायरासमेत बढाइएपछि दक्षिणपूर्वी एसियाका थुप्रै मुलुकले पनि त्यसप्रति सरोकार राखेका छन्। त्यसमा नेपालको नयाँ सीमारेखालाई पनि बेवास्ता गरिएको छ। यसरी हेर्दा– चीनको विश्वशक्ति बन्ने आकांक्षासँगै 'परिधीय सुरक्षा' का नाममा भौगोलिक महत्त्वाकांक्षासमेत प्रकट हुँदै जाने देखिन्छ।

हाम्रो छेउछाउका तीन आणविक राष्ट्रहरूबीच यस खाले प्रतिस्पर्धा चलिरहँदा नेपाल पनि नक्सा-कूटनीतिबाट बाहिर रहन सकेन। खासमा भारतको राजनीतिक नक्सामा अतिक्रमित कालापानी क्षेत्रसमेत हालिएपछि नेपालसामु आफ्नो भूगोल प्रस्ट्याउनुपर्ने बाध्यात्मक परिस्थिति सृजना भएको थियो। तदनुरूप कालापानी, लिपुलेक, लिम्पियाधुरासमेत समेटेर केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारले नयाँ नक्सा जारी गरेको थियो। त्यसलाई २०७७ जेठ ३१ गते संसद्ले संविधान संशोधन गर्दै सर्वसम्मतिबाट अनुमोदन गऱ्यो। त्यससँगै नेपाली नक्साको पश्चिमोत्तर कुनामा चोसो थपिएपछि आम बोलीचालीमा त्यसलाई 'चुच्चे नक्सा' भन्न थालिएको हो।

नेपालको त्यो नक्सालाई भारतले स्वभावतः स्विकारेन, उल्टो आफ्नो नवनिर्मित संसद् भवनको भित्तेचित्रमा केही नेपाली भूभागसमेत मिसाएर सांस्कृतिक नक्साका नाममा 'अखण्ड भारत' को अस्त्र अगाडि साऱ्यो। के त्यो नेपाली संसद्ले चालेको कदमको संसदीय प्रतिक्रिया थियो ? वा संयोग मात्र ? यकिनसाथ भन्न नसकिए पनि भारतले लिम्पियाधुरामाथि नेपालको दाबीलाई सहजतासँग स्वीकार नगर्ने स्पष्ट सन्देश प्रवाह गऱ्यो। त्यो त्यति अनपेक्षित पनि थिएन।

अनपेक्षित त यो भयो कि, चीनले यो साता जारी गरेको मानचित्रमा समेत पुरानै 'बुच्चे नक्सा' लाई निरन्तरता दिइएको छ। लिम्पियाधुरासहितको अद्यावधिक नक्साबारे आफूलाई थाहा नभएजसरी ऊ प्रस्तुत भएको छ।

जबकि, तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले काठमान्डु पोस्टलाई भने अनुसार, नेपालले चुच्चे नक्सा जारी गर्दा त्यसबारे चीनलाई जानकारी दिइएको थियो।

यहाँनेर कतिपयलाई लाग्न सक्छ– हाम्रो विवाद त भारतसित हो, यसमा चीन कसरी जोडिन्छ ? यसको जवाफ खोज्दा दुइटा पाटालाई हेर्नुपर्ने हुन्छ। पहिलो, चीनले आफ्नो नक्सा मात्र निकालेको भए मतलब हुन्थेन, तर उसले सिमाना जोडिएका केही छिमेकीसमेतको सीमांकन देखाएको र त्यहाँ नेपालको आधिकारिक भूगोल नसमेटिएको अवस्था छ। दोस्रो, कालापानी-लिम्पियाधुरा विवादको अन्तर्यमा नेपाल-भारत-चीन त्रिदेशीय सीमाविन्दु तय गर्नुपर्ने मामिला पनि जोडिएको छ। यस अर्थमा चीन पनि यो विवादको एउटा पक्ष हो। तर यसमा ऊ सधैं निरपेक्ष बस्न चाहेको देखिन्छ, अझ अहिले आएर त भारतीय दाबीलाई नै बल पुऱ्याउने गरी प्रस्तुत भएको छ। यो विरोधाभासपूर्ण किन छ भने, एकातिर उसले भारतको सिंगो प्रान्तमाथि समेत आफ्नो हकदाबी गर्दै छ भने अर्कोतिर नेपाली संवेदनशीलतालाई चाहिँ बिलकुलै नजरअन्दाज गरिदिएको छ। यसले अन्तर्राष्ट्रिय कूटनीतिमा भावना या ओठेबोलीको खासै अर्थ रहन्न, त्यो मूलतः राष्ट्रिय स्वार्थबाट निर्देशित हुन्छ भन्ने यथार्थलाई पुनः सम्झाएको छ।

चीनले जानीजानी यसरी कालापानीमाथि किन आँखा चिम्लिन चाहेको होला ? कम्तीमा दुइटा कारण त प्रस्टै देखिन्छन्।

१) भारत-चीनबीचको सबभन्दा जटिल सीमा विवाद पूर्वी (अरुणाचल क्षेत्र) र पश्चिमी (अक्साई चीन) सेक्टरमा पर्छ। त्यसको तुलनामा हिमाचलको ग्या चुचुरोदेखि उत्तराखण्डसम्मको ५४५ किमि लामो मध्यसेक्टरमा खासै विवाद छैन। तर लिपुलेक-लिम्पियाधुरालाई भारतले त्यसैभित्र पारेकाले नेपालको विवादचाहिँ त्यहाँनेर जोडिन आउँछ। चीनलाई सायद लाग्दो हो– कम विवाद भएको मध्य सेक्टरमा नेपालतर्फ उभिएर बेकारमा अर्को झमेला किन झिक्ने ? त्यसमाथि तत्कालीन चिनियाँ नेता तङ स्याओपिङले अक्साई चीनमाथि भारतले दाबी छाड्ने हो भने अरुणाचल आफूहरूले छाड्न सक्ने भूमि साटफेरको प्रस्ताव कम्तीमा तीन पटक (२०३५, ३७ र ३९ सालमा) राखेका थिए। सीमा विवाद हल गर्ने यो सूत्र भविष्यमा कुनै बेला फेरि पुनर्जीवित हुन सक्छ। त्यसकारण पनि चिनियाँ पक्ष मध्य सेक्टरमा नयाँ मोर्चा खोल्न चाहँदैन।

२) भारत र चीनले यसअघि कालापानी-लिपुलेक भएर व्यापारिक बाटो खोल्ने सहमतिसमेत गरिसकेका छन्। चीनका लागि यो दिल्लीसहित पश्चिम भारततर्फ पस्ने सबभन्दा छोटो दूरीको नाका हो। भारतीय सैनिकलाई पनि लिपु भन्ज्याङबाट चीनतर्फ चियाउन निकै सहज हुने गरेको छ। यसबाहेक भारतबाट कैलाश-मानसरोवर तीर्थयात्राका लागि सबभन्दा छोटो बाटो यही हो। गुगल अर्थमा हेर्दा दुवै देशले अन्तिम सीमाविन्दुसम्म मोटरमार्गसमेत बनाइसकेको देखिन्छ। यो अवस्थामा लिपुलेक नाका भविष्यमा कुनै पनि बखत व्यापार र तीर्थका लागि पूर्ण रूपले कार्यान्वयनमा आउन सक्छ।

त्यसो भए चीनले कालापानीको विवाद यथावस्था नै रहोस् भन्ने चाहेको हो ? कालापानीप्रति उसको आधिकारिक दृष्टिकोण के हो ? यसबारे बुझ्न चीनका 'टप डिप्लोम्याट' वाङ यीका धारणाहरू पछ्याउनुपर्ने हुन्छ।

चिनियाँ विदेशनीति तय गर्ने सबभन्दा उपल्लो निकाय कम्युनिस्ट पार्टी अन्तर्गतको केन्द्रीय वैदेशिक मामिला आयोगका निर्देशकसमेत रहेका उनी सन् २०१३-२२ को अवधिमा र डेढ महिनाअघि फेरि विदेशमन्त्रीमा नियुक्त भएका छन्। वाङ लामो समयदेखि नेपाल मामिलालाई नजिकबाट हेर्दै आएका चिनियाँ अधिकारी पनि हुन्। उनी कनिष्ठ अधिकृत छँदै, राजतन्त्रकालमै अनेक द्विपक्षीय वार्ताहरूमा सँगै बसेको अनुभव नेपालका पुराना कूटनीतिज्ञहरूलाई छ।

चीन-भारत संयुक्त कार्यदलको २०५७ मंसिरमा बेइजिङमा सम्पन्न आठौं बैठकमा जब दुई देशले वास्तविक नियन्त्रण रेखा (लाइन अफ एक्चुअल कन्ट्रोल) अंकित आ-आफ्ना नक्साहरू आदानप्रदान गरे, त्यसमा नेपाल-भारत-चीनको पश्चिमी त्रिदेशीय विन्दुसमेत तोकिएको खबर सार्वजनिक भएको थियो। त्यसलाई लिएर नेपाल-चीनबीच परराष्ट्र मन्त्रालयस्तरीय परामर्श संयन्त्रको २०५७ माघ २३ गते काठमाडौंमा आयोजित बैठकमा नेपाली पक्षले आफ्नो उपस्थितिबिना त्यो कसरी सम्भव भयो भनेर सरोकार राख्यो। नेपाली टोलीको नेतृत्व परराष्ट्रसचिव नारायणशमशेर थापाले गरेका थिए भने चिनियाँ पक्षका नेता, तत्कालीन सहायक विदेशमन्त्री वाङ यी थिए।

त्यो बैठकमा वाङ यीले कालापानी विवादबारे आफूहरू जानकार रहेको, त्यसैले चीनले त्रिदेशीय विन्दु तोकेको नक्सा पेस नगरेको प्रस्टीकरण दिएका थिए। तर भारतले चीनलाई दिएको नक्सामा कालापानी आफ्नैतिर राखेर आफूखुसी त्रिदेशीय विन्दु कोरिएको थियो। वाङ यीको भनाइ थियो– कालापानीमै सीमा बैठक गरौं र त्यहीँबाट व्यापारिक मार्ग पनि खोलौं भन्ने भारतको प्रस्तावचाहिँ हामीले मानेनौं। 'कालापानीको मुद्दा नेपाल र भारतले नै मिलेर सुल्झाउनुपर्छ, चीनले यसमा केही गर्न सक्दैन,' उनको थप भनाइ थियो।

परराष्ट्रसचिव थापाले सोधेका थिए, 'त्यसो भए चीनको धारणा यही हो कि तपाईंहरूलाई त्रिदेशीय विन्दु कहाँपर्छ भन्नेबारे जानकारी छैन ?'

'हो, त्रिदेशीय विन्दु कहाँ पर्छ भन्नेबारे अहिले हामीलाई थाहा छैन।'

त्यो बैठकमा नेपाली पक्षले सन् १९९८ कै निर्णय बमोजिम संयुक्त सीमा सुपरिवेक्षण थालौं भन्ने प्रस्तावसमेत राखेको थियो। वाङले त्यसलाई स्विकारेनन्। चीनको १५ देशहरूसित साँध जोडिएको, जनशक्तिको कमी रहेको, भौगोलिक बनावट पनि सहज नभएकोजस्ता प्राविधिक कारण देखाउँदै उनले बरु आ-आफ्नैतर्फबाट निरीक्षण थालौं भनेका थिए।

चिनियाँ पक्षको समग्र प्रयत्न कालापानी मामिलामा नमुछिने, त्यहाँ त्रिदेशीय विन्दु खोज्ने जिम्मेवारीबाट पनि पन्छिन चाहनेजस्तो देखिन्थ्यो। त्यसैले होला, वाङ यीले उक्त बैठकमा भएको कालापानी सम्बन्धी वार्तालाप सार्वजनिक नगरिदिन अनुरोध गरेका थिए। तर कसरी हो, परराष्ट्र मन्त्रालयले उतारेको त्यहाँको 'भर्वेटम' भारत सरकारको पहुँचमा पुगेको, र त्यसलाई भारतीय विदेश मन्त्रालयको अभिलेख शाखाको निर्देशक रहेका अवतारसिंह भसिनले सन् २००५ मा निकालेको दस्तावेज संग्रह (नेपाल-इन्डिया, नेपाल-चाइना रिलेसन्स, खण्ड ५, पृ. ३३०५) मा समावेश गरेको पाइन्छ।

वाङ यीले २०५७ सालमा नेपाली पक्षलाई जे भनेका थिए, चिनियाँ प्रधानमन्त्री वेन जियाबाओले २०६१ चैत २७-३० मा भारत भ्रमण गर्दा त्यो 'पोजिसन' बदलिन थालेको देखिन्छ। उक्त भ्रमणमा हस्ताक्षरित सीमा सम्बन्धी प्रोटोकलको दफा ५(२) मा लेखियो, 'मध्य सेक्टरको लिपुलेक-च्याङ्ला भन्ज्याङलाई संलग्न गरी सीमा बैठक विन्दुहरूको संयन्त्र विस्तार गर्न दुवै पक्ष सिद्धान्ततः सहमत भएका छन्।' त्यसबाट लिपुलेक-च्याङ्ला भन्ज्याङ र त्यसमुन्तिर रहेको कालापानीसहित नेपाली भूभागमाथि दशकौंदेखिको भारतीय अतिक्रमणलाई चीनले अनुमोदन गरिदिएको वा त्यसलाई भारतीय भूमिका रूपमा स्विकारेको जस्तो भान पर्न गयो। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी बेइजिङ जाँदा चीन थप 'उदार' भयो। २०७२ जेठ १ गते गरिएको द्विपक्षीय सम्झौतामा २८ औं बुँदामा 'लिपुलेक नाकाबाट सीमा व्यापार अभिवृद्धि गर्ने गरी वार्ता अघि बढाउने' उल्लेख गरियो।

यसरी हेर्दा पहिले कालापानीमा सीमा बैठक गर्न, त्यहाँबाट व्यापार मार्ग खोल्न तयार नदेखिएको चीन बिस्तारै त्यसमा सहमत हुँदै गएको देखिन्छ। र, अहिले आएर ऊ नेपालको आधिकारिक नक्सालाई समेत मान्यता नदिने अवस्थामा पुगेजस्तो देखिएको छ। विगतमा यस्तो अवस्था आउँदैन भनेर चीनका तर्फबाट जसले आधिकारिक आश्वासन दिएका थिए, उनी आफैं विदेशमन्त्री रहेका बखत यो सब हुनु आफैंमा एक विडम्बना हो। यसबीचमा नेपालका तर्फबाट चाहिँ के-कति कूटनीतिक पहल भयो वा भएन भन्ने प्रश्न पनि आउँछ। कुनै बेला एउटा कूटनीतिक नोट पठाएर सामान्य प्रतिवाद गर्ने, वा त्यो पनि नगर्ने; त्यसपश्चात् सीमाजस्तो संवेदनशील मामिला नै बिर्सिदिने र संस्थागत स्मरणबाट समेत त्यो हराउँदै जाने अवस्था आउनुलाई राज्य सञ्चालकहरूले चिन्ताको विषय मान्नुपर्ने हो।

कालापानी आफैंमा इतिहासको नासो भएकाले यसको पोको फुकाउन फेरि पनि इतिहासतर्फै फर्कनुपर्ने हुन्छ। खास गरी नेपाल र चीनले २०१८ सालमा सीमा सन्धि गरेर संयुक्त सीमांकन थाल्दा त्रिदेशीय सीमाविन्दु निर्धारण गर्ने कुरा किन छाडेका थिए भनेर हेर्ने हो भने यो मामिला प्रस्ट हुन्छ। त्यस बेला हस्ताक्षरित सन्धिपत्रमा ताप्लेजुङ र दार्चुलामा पर्ने पूर्व र पश्चिमका नेपाल-चीन-भारत त्रिदेशीय विन्दुबारे 'निश्चित स्थान नतोकी ती इलाकाहरूको पानीढलोको मात्र वर्णन गरिएको' थियो। चीन र ब्रिटिस इन्डियासँग गरिएका पुराना सन्धि-सम्झौता र नक्साहरूका आधारमा त्रिदेशीय विन्दु कहाँनेर पर्छ भन्नेबारे दुवै पक्ष जानकार रहे पनि तेस्रो पक्ष (भारत) समेतको उपस्थितिमा मात्र त्यो निर्णय लिनु उचित हुने ठानेर त्यसलाई उस बेला थाती राखिएको थियो। अहिले आएर त्यसलाई चीन र भारतले मात्र टुंग्याउन खोज्ने प्रयत्न आफैंमा अमिल्दो हुन जान्छ। तर नबोल्दै जाने हो भने दुई 'साम्राज्य' बीचको 'तरुल' झन्झन् चेपुवामा पर्दै जाने पक्का छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल केही दिनमै चीन भ्रमणमा जाँदै छन्। यसअघि उनी दिल्ली जाँदा 'अखण्ड भारत' को हेपाइबारे त मुखै खोल्न सकेका थिएनन्; चीनतर्फ त्यस्तै परिदृश्य नदोहोरियोस्। नत्र राज्यका मूल प्रतिनिधि प्रधानमन्त्री हुन कि राजधानीका मेयर, जनता अलमलमा पर्न थाल्नेछन् !-कान्तिपुर

# गणपति तेल मिलमा आगलागी, डेढ करोड बढीको क्षति



दाङ, १६ भदौ

दाङको तुलसीपुरस्थित गणपति तेल मिलमा आगलागी भएको छ । तुलसीपुर ६ स्थित शनिबार बिहान करिब साढे २ बजे तेल मिलमा आगलागी भएको हो । आगलागी भएको जानकारी पाएलगतै स्थानीय र प्रहरीले पानी टंयाकरहरुको सहयोगमा आगो नियन्त्रणको लिएका लिएको थिए।

बिहान साढे ४ बजे आगलागी नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी निरीक्षक नवराज केसीले जानकारी दिए। उनले आगलागीबाट दुई तले पक्की भवनमा पूर्णरूपमा क्षति पुगेको र दाल पिस्ने मेसिन तथा तेलमा क्षति पुगेको बताए। उनका अनुसार आगलागीबाट डेढ करोड बढीको क्षति भएको अनुमान गरिएको छ।

विद्युत सट भएर आगलागी भएको हुन सक्ने प्रहरीलेको अनुमान छ। घटनाबारे थप विवरण आउन बाँकी रहेको छ।

## कपिलवस्तु प्रहरी उपरिक्षक...

वीरबहादुर बुढामगरलाई काठमाडौं उपत्यका प्रहरी कार्यालय तालिम शाखा रानी पोखरीमा पठाइएको छ ।नुवाकोटका रमेश पण्डितलाई प्रदेश कार्यालयको अपराध अनुसन्धान शाखा भैरहवा, डोटीका राजेन्द्रप्रसाद धमलालाई प्रहरी प्रधान कार्यालयको कानुन शाखा सरुवा गरिएको छ ।पूर्वी नवलपरासीका एसपी भुवनेश्वर तिवारीलाई राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान प्रशासन शाखा महाराजगंज, पश्चिम नवलपरासीका एसपी विनोद सिलवाललाई कोशी प्रदेश प्रहरी कार्यालय, कपिलवस्तुका प्रेमबहादुर बस्नेतलाई नेपाल प्रहरी विशेष सुरक्षा गण महेन्द्रनगर पठाइएको छ ।सुनसरीका प्रभुप्रसाद ढकाललाई राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान आधारभूत तालिम शाखा महाराजगंज, भक्तपुरका प्रजित केसीलाई प्रदेश कार्यालय वीरगंज, उदयपुरका ज्ञानेन्द्र फुयाललाई मानव बेचबिखन अनुसन्धान व्यूरोमा सरुवा गरिएको छ।

# राजधानीस्थल राप्ती उपत्यकाको रोक्का जग्गा फुकुवाको माग गर्दै दोस्रो चरणको आन्दोलन घोषणा

भालुवाङ १६ भदौ

लुम्बिनी प्रदेशको राजधानी व्यवस्थापनको नाममा लामो समयदेखि आम नागरिकको जग्गा रोक्का हुँदा दैनिक जीवनमा मर्का परेको भन्दै जग्गा फुकुवाको माग राख्दै दोस्रो चरणको आन्दोलन घोषणा गरिएको छ।

लुम्बिनी प्रदेश जग्गा फुकुवा संघर्ष समितिले आज शनिबार राप्ती गाउँपालिकाको सभाहल मसुरिया मा पत्रकार सम्मेलनको गरी चरणबद्ध आन्दोलन अन्तर्गत दोस्रो चरणको आन्दोलनको घोषणा गरेको हो । संघर्ष समितिका संयोजक तथा राप्ती उद्योग बाणिज्य संघका अध्यक्ष सुरज खड्काले आन्दोलनको घोषणा गर्दै संघर्षको कार्यक्रम सार्वजनिक गरे।

दोस्रो चरणको पहिलो दिन पत्रकार सम्मेलन गरिएको छ। यही भदौ १७ गते गाउँपालिका अध्यक्षलाई ध्यानाकर्षण पत्र बुझाउने, १८ गते मुख्यमन्त्री कार्यालय अगाडी धर्ना बस्ने, १९ गते मुख्यमन्त्री कार्यालय अगाडी प्रदर्शन गर्ने, २० गते राजधानी क्षेत्र भित्र मसालजुलुस गर्ने, २१ गते राजधानी क्षेत्र भित्रका सरकारी कार्यालय र सरकारी गाडी सञ्चालनमा रोक लगाउने संघर्षका कार्यक्रम सार्वजनिक गरिएको हो।

संघर्ष समितिका सह-संयोजक शंकर गौतमले बाध्य भएर दोस्रो चरणको आन्दोलन घोषणा गर्नु परेको बताए। सरकारले भुलाउने मात्रै काम गरेको भन्दै उनले यस अघि चलेको संघर्षको क्रममा गरिएको प्रतिबद्धता सरकारले पुरा नगरेको भन्दै दोस्रो चरणको संघर्षमा जानुपर्ने अवस्था आएको बताए।



"जग्गा रोक्का भएको ३ वर्ष बित्नै लाग्दा पनि फुकुवा नभएपछि दबाव दिन यसअघि हामी अनशन सबेका हौं", संघर्ष समितिका सहसंयोजक गौतमले भने, "रहर होईन अनेक समस्याले गर्दा घर व्यवहार, कारोबार थेग्न नसक्ने भएपछि सडकमा आउन बाध्य भएका हौं।"

उनले लामो समयदेखि रोक्का गरिएको जग्गा फुकुवा नहुँदा आर्थिक कारोबार सबै ठप्प भएको बताए । "जग्गा रोक्का हुँदा अंशबन्डा, किनबेच र बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण पाएका छैनौं" सहसंयोजक गौतमले भने, "सबै आर्थिक कारोबार ठप्प भएको छ । यसले उद्योग, व्यापार सञ्चालनमा समस्या भइरहेको छ।"

संघर्ष समितिका अर्का सह-संयोजक तथा सिसहनियाँ उद्योग वाणिज्य संघका अध्यक्ष पूर्णबहादुर बुढाथोकीले राजधानी व्यवस्थापनलाई सहयोग गर्न आन्दोलन गरिएको जानकारी दिए । सरकारले जग्गा विकास कार्यक्रमलाई छिटो अघि नबढाउँदा समस्या परेको उनले बताए । तीन वर्षको अवधिमा ज्यादै न्यून प्रगती भएको भन्दै यो अवधिमा काम सकिनुपर्ने तर, सरकारकै कारण ढिलो भएको तर्क उनको छ।

गत बैशाखमा लुम्बिनी प्रदेशको राजधानी देउखुरीमा रोक्का गरिएको जग्गा फुकुवाको माग गर्दै स्थानीयले रिले अनशन गरेका थिए । राजधानी व्यवस्थापन गर्ने भन्दै महिनौदेखि रोकिएको जग्गा फुकुवा गर्न माग राख्दै स्थानीयले लुम्बिनी प्रदेश सरकारको मुख्य प्रशासनिक भवनको मूलगेटमा रिले अनशन दिएका थिए।

देउखुरीमा राजधानी घोषणा हुनुअघि रोक्का जग्गा साढे दुई वर्षसम्म फुक्का नगरेपछि सो क्षेत्रका जग्गाधनी, उद्योगी व्यवसायी, किसान, मजदुरले दबाव सिर्जना गर्न रिले अनशन बसे पनि निकास निस्कन सकेन।

२०७७ असोज १६ गते तत्कालीन प्रदेश सरकारले जग्गा रोक्का गर्ने निर्णय गरेको हो। हालसम्म पनि जग्गा फुकुवा नहुँदा निकै समस्या भईरहेको स्थानीयकाको भनाइ छ।

राजधानी क्षेत्रका तीन स्थानीय तहका १४ वटा वडाभित्र पर्ने जग्गाको कित्ताकाटसहित किनबेच रोक लगाइएको थियो । दाङको राप्ती गाउँपालिकाको ९ वटा वडा, गढवा गाउँपालिकाको वडा नम्बर १, २ र ३, अर्घाखाँचीको शीतगंगा नगरपालिका वडा नम्बर ८ र ९ को जग्गा किनबेचमा प्रदेश सरकारले रोक लगाएको छ।








महिला हिंसाको अन्त्य गरौं शून्य सहनशीलत कायम गरौं
अनुरोधक :-
कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

सफासँग हात धोएर मात्र खाना खाने गरौं
अनुरोधक :-
कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यक्तिहरुप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं
अनुरोधक :-
बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरु पालना गरौ,आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं
अनुरोधक :-
बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

खानेपानीका मुहानहरु सफा राखौं
अनुरोधक :-
शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

पानी उमालेर पिउने गरौं
अनुरोधक :-
सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुपन्देही

बाढी पहिरोको जोखिम स्थानमाबसेकाहरु समयमै सुरक्षित स्थानमा जाऔं
अनुरोधक :-
विजयनगर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

जथाभावी बाटो नकाटौं ,अकाल मृत्युबाट बचौं
अनुरोधक :-
मायादेवी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

पशुपंक्षीहरुलाई दाना,पानी दिने भाँडा नियमित रुपमा सफा गरौं
अनुरोधक :-
सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची

चर्पीमा मात्रै दिसा पिसाव गरौं
अनुरोधक :-
सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भैरहवा, रुपन्देही

बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निमार्ण गरौं
अनुरोधक :-
शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

आफ्नो घर र व्यवसायमा वालवालिकालाई श्रममा नलगाऔं , अरुलाई पनी बाल श्रम प्रयोग नगर्न सुचित गरौं
अनुरोधक :-
शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

साँस्कृतिक धार्मिक र प्रकृतिक सम्पदाको रक्षा गरौं राष्ट्रिय स्वाभिमानको रक्षा गरौं
अनुरोधक :-
यशोधरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यक्तिहरुप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं
अनुरोधक :-
कञ्चन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

धुम्रपान र मद्यपानबाट टाढा रहौं,सुखी र स्वस्थ्य जीवन बिताऔं
अनुरोधक :-
शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची

रुख रापौं,वन जंगल जोगाऔं बाढी, पहिरोको जोखिम घटाऔं
अनुरोधक :-
बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भुमही,पश्चिम नवलपरासी

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरु पालना गरौ,आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं
अनुरोधक :-
गैडहवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

# जगदिशपुरमा जल उद्धार नमुना अभ्यास



कपिलवस्तु १६ भदौ

नेपाल कै सबैभन्दा ठुलो कृत्रिम तालका रुपमा रहेको कपिलवस्तु नगरपालिका वडा नम्बर-९ जगदिशपुर तालमा जल उद्धार नमुना अभ्यास (सेमुलेशन) सम्बन्धि कृत्रिम घटना अभ्यास गरिएको छ। बिपत्को पुर्व तयारीलाई प्रभावकारी बनाउने उद्धेश्यले सशस्त्र प्रहरी बल नेपाल नं.२८ गण हेड क्वाटर कपिलबस्तुको अगुवाईमा स्थानियको सहभागीतामा घटना अभ्यास (सेमुलेसन एक्सरसाईज) गरिएको हो।

बिपत्को पुर्व तयारीलाई प्रभावकारी बनाउने उद्देश्यले सिसम १५ सशस्त्र प्रहरी निरिक्षक आधारभुत तालिमका प्रशिक्षार्थीहरु युनिट अट्याच्मेन्टको क्रममा नम्बर २८ गणमा आउने क्रममा प्रशिक्षार्थी सहितको टोलीलाई नमुना अभ्यास गराईएको थियो। राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिशठान मातातिर्थबाट आएका ६ जना सशस्त्र प्रहरी निरीक्षकका प्रशिक्षार्थीको साप्ताहिक बिपद व्यवस्थापन अनुशिक्षणको अवसर पारेर अभ्यास गराइएको हो। अभ्यासका क्रममा सशस्त्र प्रहरी बलका ५०, नेपाली सेनाका १५ र नेपाल प्रहरीका १५ जना गरि ८० जनाको टोलीलाई गणका सशस्त्र प्रहरी नायब उपरीक्षक तुला बहादुर चौधरीले उद्दार अभ्यास गराएका थिए। नदीको बिचमा डुबेकालाई कसरी परेकालाई उद्धार गर्ने घाईतलाई अस्पतालमा पुर्याईन लगायतका कार्य गरिएको थियो। नमुना अभ्यासमा पानीमा डुबेको व्यक्तिलाइ कसरी जिवितै उद्धार गर्ने, उद्धार पश्चातको प्राथमिक उपचार, आवश्यक तयारी र घटना व्यवस्थापन बारे जनचेतनामुलक क्रियाकलाप गरिएको थियो।

संभावित बिपद जोखिम नियन्त्रणकालागि पुर्व तयारी स्वरुप नाटकीय अभ्यास गरिएको हो। सशस्त्र प्रहरी उपरिक्षक जीन केसीले नमुना अभ्यासले बिपतका बेला जल उद्धारका बेला अपनाउनु पर्ने अपाउनु पर्ने सवाधनी र घटनामा परेकालाइ कसरी उद्धार गर्ने बारे सचेतना गराइएको बताए। नेपाल सबै खाले बिपतको हिसाबले उच्च स्थानमा रहेको र बाढीजन्य बिपतको हिसाबले बिसौं स्थानमा रहेको सशस्त्र प्रहरी बल नेपाल नं.२८ गणका गणपति केसीले बताए। बाढीमा डुबका नागरिकको तत्कालै उद्धार गर्ने र सामाग्री सुरक्षित स्थानमा ल्याउने उद्धेश्यले पुर्व तयारीका लागी अभ्यास गरिएको उनले बताए।

'बिपतको उद्धार गर्दाको क्षमता परिक्षण र राम्रो पुर्व तयारीका लागी सबै सुरक्षा निकाय सँग समन्वय गरेर अभ्यास गराएका हौं' उपरिक्षक केसीले भने। सो क्रममा अभ्यासमा सहभागी ६ जना प्रशिक्षार्थीले जिल्ला सुरक्षा समिति र जिल्ला बिपद व्यवस्थापन समितिसँग जिज्ञासा राख्दै अन्तर्क्रिया गरेका थिए। सो क्रममा आएका जिज्ञासाहरु बारे प्रजिअ शंकरहरी आचार्य, प्रहरी उपरिक्षक प्रेम बहादुर बस्नेत, सशस्त्र प्रहरी उपरीक्षक जीवन केसी, कपिलवस्तु अस्पतालका मेसु डा. बिपिन जयसवाल, रेडक्रस कपिलवस्तु शाखाका महामन्त्री सन्तोष कुमार श्रीवास्तव लगायतले बिभिन्न सुझाव दिएका थिए।

सशस्त्र प्रहरीले बलले भुकम्प, बाढी पहिरो लगायतका विपदमा अग्रपंक्तिमा रहेर उद्दार तथा विपदको पुर्व तयारीमा उदाहरणीय कार्य गर्दै आएको प्रजिअ शंकरहरी आचार्यले बताए। विपदको पुर्व तयारीको कार्यले विपद जोखिम न्युनीकरणमा सहयोग मिल्ने प्रहरी उपरिक्षक बस्नेतले बताए। जिल्लामा हुने सबै खाले विपदको न्युनीकरणमा पुर्व तयारीका लागि सशस्त्र प्रहरी तयारी हालतमा रहेको र अभ्यासले थप सहयोग पुगेको सशस्त्र प्रहरी बल नेपाल नं.२८ गणका गणपति सशस्त्र प्रहरी उपरिक्षक जिवन केसीले बताए। कार्यक्रमा नेपाली सेनाका राधेश्याम बिष्ठ, कपिलवस्तु अस्पतालका मेसु बिपिन जैसवाल, पत्रकार महासंघका जिल्ला सभापति किरणमान बज्राचार्य लगायतको सहभागीता थियो।

# देश ठुला राजनैतिक दलहरुको सिन्डिकेटको शिकार भयो : लिङ्देन



कपिलवस्तु १६ भदौ १६

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले देश अहिले ठुला राजनैतिक दलहरुको सिन्डिकेटको शिकार भएको बताउनुभएको छ।

देशका महत्वपुर्ण घटनाहरुमा सबै ठुला दलहरु मिल्ने र मिलिजुली रुपमा देशलाई सिन्डिकेटको शिकार बनाउने प्रबृत्ति बढेको उहाले आरोप लगाउनुभयो।

अहिले देशको अवस्था असामान्य भएको दाबी गर्दै जनताका दैनिकीमा सरकारले गम्भिरता नदेखाएको समेत उहाले आरोप लगाउनुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) कपिलवस्तुले तौलिहवामा आयोजना गरेको नविन राप्रपा अर्न्तक्रिया कार्यक्रम तथा बृहत पार्टी प्रवेश कार्यक्रममा उहाले सो कुरा बताउनुभएको हो।

राप्रपा केन्द्रिय उपाध्यक्ष तथा लुम्बिनी प्रदेश संयोजक रबिन्द्र मिश्रले कपिलवस्तुको कृष्णनगर क्षेत्रमा राजनैतिक दलहरुको गलत नियतका कारण बेला बेलामा साम्प्रदायिक समस्या सिर्जना हुने उल्लेख गर्नुभयो।

यद्यपि, कपिलवस्तु जिल्ला साम्प्रदायिक सहिष्णुताको अद्भुत नमुना जिल्ला रहेकोमा भने खुलेर प्रशंसा गर्नुभयो।

केन्द्रिय प्रवक्ता एवं संघीय सांसद ज्ञानेन्द्र शाही, लुम्बिनी प्रदेश अध्यक्ष प्रदीप कुमार उदय लगायतले कपिलवस्तु राप्रपामय भएको जिकिर गरे।

राजनैतिक कालखण्डमा एकसमय यो जिल्ला राप्रपामय भएको ठोकुवा गर्दै अब यहाँका हरेक तह तप्कामा राप्रपामय भएरै छाड्ने उनीहरुले बिश्वास ब्यक्त गरे।

कार्यक्रममा राप्रपा सहमहामन्त्री प्रकाश रिमाल, सहायक महामन्त्री ताहिर अलि मुसलमान, प्रदेश सांसद जानकी प्रसाद यादव, शिवराज नगरपालिकाका मेयर अजय थापा लगायतका उपस्थिती रहेको थियो।

राप्रपा जिल्ला अध्यक्ष नारायण बहादुर सिंहको अध्यक्षता, उपाध्यक्ष इदरीस मुसलमानको स्वागत मन्तब्य रहेको कार्यक्रमको संचालन जिल्ला सचिव प्रेमशंकर शुक्लले गर्नुभएको थियो। कार्यक्रममा शत्रुघन चौधरी, घनश्याम पाठक लगायत बिभिन्न राजनैतिक दलबाट राप्रपा प्रवेश गरेको पार्टीले जनाएको छ।

बाढीपहिरोबाट जोगिऔं

जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदाः

➢वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।

➢पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं।

➢बस्ती तथा समुदायको रक्षा गरौं।

➢बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

➢घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको एकीन गरौं

बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड







कमन नेपाल प्रा. लि.द्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे, अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादकः बसन्त गिरी,
सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्सः ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेलः buddhadarpan@gmail.com मुद्रणः कलर अफसेट प्रेस, बुटवल, रुपन्देही